नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
(प्रशासन शाखा)
टेकु, काठमाडौं

फोन नं. ०१४२६१४३६
फ्याक्स नं. ०१४२६२२३८
टेकू पचली, काठमाडौं

# स्तरबृद्धि सम्बन्धि सूचना

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली,२०५५बमोजिम २०८० साल पौष मसान्तसम्म स्तरबृद्धि गर्न अवधि पुगी अन्य कानूनी आधार पूरा गरेका नेपाल स्वास्थ्य सेवाका चौथो, पाँचौ, र छैठौं तहका कर्मचारीहरूमध्ये प्रदेश तथा स्थानीयका कर्मचारी सम्बन्धी ऐन तथा नियमावली जारी तथा अभ्यासमा आएका बाहेक नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरूले तोकिएको ढाँचामा तोके बमोजिमका सम्पूर्ण कागजातहरू संलग्न गरी मिति २०८० साल पौष मसान्तभित्र यस विभागमा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारी गराइन्छ ।साथै, २०८० साल असारमा स्तरबृद्धिका लागि निवेदन दर्ता गरेतापनि आबश्यक कागजात नपुगी स्तरबृद्धि हुन नसकेका निवेदकहरूले समेत २०८० पुष मसान्तभित्र नपुग कागजात पेश गरिसक्नु हुन र २०८० साल असाढ अगावै निवेदन दर्ता गराएका  तर विविध कारणबाट हालसम्म स्तरबृद्धि सम्बन्धि निर्णय हुन नसकेका पूराना निवेदनहरू उपर कुनै कारवाही नगरिने हुँदा निजहरूले समेत यसै सूचना बमोजिम पुनः निवेदन दर्ता गराउनु हुन समेत जानकारी गराइन्छ।